AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
USANepalOnline.Com

# राष्ट्रपतिको खोज-१: नेपालको भाबी राष्ट्रपति को?

काठमाडौं, न्यूयोर्क, January 26, 2008 -"राजा सबको साझा" भन्ने उक्ती कहिल्यै लागु हुन दिएनन् पञ्चायति चाटुकारहरुले। राजालाई सधैं दरबारिया हुक्के, चाटुकार, चम्चे र मण्डलेहरुको मात्र साझा बनाइयो व्यबहारमा। अब "सबका साझा राजा" होइन "सबका साझा राष्ट्रपति" कसलाई बनाउने भन्ने होड चल्न थालेको छ नेपालमा।

यस मामिलामा माओवादीहरु सबै भन्दा अघी देखिएका छन्। माओवादीहरुको माघको पहिलो हप्ता काठमाडौंमा डाकिएको एक राष्ट्रिय भेलाले नेपाल कम्युनिष्ट पार्टी माओवादीका अध्यक्ष प्रचन्डलाई आगामी सम्भिधान सभा पछि बन्ने सरकारको राष्ट्राध्यक्षको रुपमा अघी सारेको छ।

राष्ट्राध्यक्षको जिम्मेबारी अहिले प्रधानमन्त्रिले सम्हाली रहे पनि अंततवगत्वा राष्ट्राध्यक्षको ब्याबस्था गरिनु पर्ने अन्तरिम संबिधानले निर्देशित गरेको हुँदा माओवादीको यो घोषणा स्वाभाबिक देखिन्छ।

प्रचन्डलाई राष्ट्रपति बनाउने खबरले नेपाली राष्ट्रपतिय संरचना भारतको जस्तो नभै अमेरिकाको जस्तो हुने देखिन्छ। किनभने भारतको राष्ट्रपति सेरेमोनिएल हुन् भने अमेरिकि राष्ट्रपति सकृय। नेपाललाई नयाँ दिशामा हाँक्छु भन्ने राजनीतिक रुपमा सकृय नेता प्रचन्ड जस्ता राष्ट्रपतिमा हाम्फाल्नुको मतलब राष्ट्रपति सकृय र प्रधानमन्त्री गौड बन्न पुगेमा कसैले आश्चर्य नमाने हुन्छ। यद्दपी नेपालको नयाँ कार्यपालिकाको खाका अझै कोरी सकिएको छैन। यो गर्ने काम सम्भिधान सभा पछि बन्ने संसदले गर्ने छ।

तर युएस नेपाल अन्लाइन डट कमले राष्ट्रपतिको खोजी गर्ने काम अहिल्यै देखी सुरु गरेको छ। यो साताको पहिलो प्रस्तुती पढ्नु होस्:

**by Sitaram Baral**

नेतृत्वलाई बुझाउन अंग्रेजीमा एउटा शब्द प्रचलित छ- प्रेसिडेन्ट । यो शब्दलाई नेपालीमा रुपान्तरण गर्दा यसका दुईवटा शब्द निस्कन्छन् । एउटा, अध्यक्ष । र, अर्को हो, राष्ट्रपति । समकालीन नेपाली राजनीतिका सर्वाधिक चर्चित नाम पुष्पकमल दाहाल (न्वारानको नाम- छविलाल दाहाल) अहिलेसम्म नेकपा (माओवादी) कामात्र 'प्रेसिडेन्ट' अर्थात् अध्यक्षमात्र हुन् । तर, उनले नेतृत्व गरेको पार्टीले उनलाई 'प्रेसिडेन्ट' कै अर्को जिम्मेवारीपनि दिन लागेको छ । अर्थात् नेकपा (माओवादी) ले उनलाई पार्टी 'प्रेसिडेन्ट' मात्र होइन, संविधान सभाको चुनावपछि बन्ने गणतन्त्र नेपालको 'फष्ट प्रेसिडेन्ट' अर्थात् 'पहिलो राष्ट्रपति' को रुपमा प्रस्तावित गरेको छ ।

माघ ६ गतेदेखि ललितपुरको ग्वार्कोस्थित खन्ना गार्मेन्ट हलमा भएको राज्यसमितिस्तरीय (केन्द्रीय समिति भन्दा मुनि) प्रशिक्षण कार्यक्रमको अन्तिम दिन माघ ८ गते माओवादी बरिष्ठ नेता डा. बाबुराम भटराईले अध्यक्ष प्रचण्डलाई 'गणतान्त्रिक नेपाल' को 'पहिलो राष्ट्रपति' को रुपमा प्रस्ताव गरेका थिए । प्रशिक्षण कार्यक्रममा सहभागी देशभरका करिव तीन सय राज्यसमितिका सदस्यहरुले एकमतले डा. भटराईको यो प्रस्तावलाई तालीका साथ समर्थन गरिसकेका छन् । प्रचण्डका प्रतिस्पर्धी मानिने डा. भटराइले नै प्रचण्डलाई प्रथम राष्ट्रपतिको रुपमा प्रस्ताव राखेपछि पारित भएको यो प्रस्ताव माओवादीले जनता समक्ष राख्ने भएको छ ।

जस्तो कि, माओवादीका वरिष्ठ नेता सीपी गजुरेल (गौरव) ले भेला सकिएलगत्तै भनेका छन्- 'गणतान्त्रिक नयाँ नेपालको प्रथम राष्ट्रपतिका रुपमा अध्यक्ष प्रचण्डलाई आम जनतामाझ प्रस्तावित गर्ने निर्णय भएको छ । नयाँ नेपालको प्रथम राष्ट्रपति कमरेड प्रचण्ड भन्ने नाराका साथ पार्टीले चुनावी अभियान सुरु गर्नेछ ।' माओवादी सम्बद्ध लेखकहरुले प्रस्तावित राष्ट्रपति प्रचण्डको पक्षमा कलम चलाउन थालिसकेका छन् । 'प्रचण्ड नै नयाँ नेपालको स्वप्नद्रष्टा हो, अरु नेताहरु सपनाहीन नेताहरु हुन्, उनीहरु नेपाली जनताको नेता बन्न सक्दैनन्' विधायक समेत रहेका माओवादी केन्द्रीय सदस्य लोकेन्द्र विष्ट मगरले लेखेका छन्-'जनताले आफूले खोजेको नेताको रुपमा प्रचण्डलाई पाएका छन्, त्यसैले हामीले उहाँलाई नयाँ गणतान्त्रिक नेपालको पहिलो राष्ट्रपतिको रुपमा प्रस्ताव गरेका हौं ।'

यसअघि माओवादीले शीर्ष नेतृत्व तहका कुनैपनि नेताले राजकीय पदको जिम्मेवारी नलिने नीति लिएको थियो । ०६२ असोजमा रुकुमको चुनवाङ्गमा सम्पन्न पार्टी केन्द्रीय समितिको बैठकमा प्रचण्डले पेश गरेको राजनीतिक प्रतिवेदनमा यो नीति उल्लेख थियो । दोश्रो पुस्ताका नेतृत्वलाई राजकीय जिम्मेवारी सुम्पने र शीर्ष नेतृत्वले पार्टी जिम्मेवारी सम्हाल्दै राजकीय जिम्मेवारी सम्हाल्नेहरुलाई मार्गनिर्देश गर्ने चुनवाङ्ग बैठकको प्रतिवेदनमा उल्लेख छ । पार्टी र सरकारको नेतृत्व एकै व्यक्तिको हातमा सुम्पँदा सोभियत संघलगायत पूर्वी यूरोपका कम्युनिष्ट पार्टी र शासनमा विकृति आएको र साम्यवादी सत्ता ढल्न पुगेको विश्लेषण गर्दै माओवादीले यो नीति अघि सारेको थियो ।

यही नीति बमोजिम माओवादीले दोश्रो पुस्ताका शीर्ष नेता कृष्णबहादुर महरालाई सरकारमा पार्टीको तर्फबाट नेतृत्व गर्न पठाएको हो । तर, माओवादी पार्टी भूमिगत राजनीति त्यागेर खुल्ला राजनीतिमा आयो र अध्यक्ष प्रचण्डको जुन व्यक्तित्व देखा पर्‍यो, त्यसपछि माओवादीले उनलाई राष्ट्रपतिको रुपमा प्रस्तुत गर्ने सोचाई बनाएको हो । खुल्ला राजनीतिमा आएको केही महिनापछि नै प्रचण्ड आफैंलेपनि आफू राष्ट्रपति बन्न चाहेको अभिव्यक्ति दिएका दिए । ०६४ असारमा भारतको नयाँदिल्लीमा सम्पन्न 'द लिडरसिप समिट' भाग लिन गएको अवसर पारेर अमेरिकी टेलिभिजन च्यानल 'सीएनएन' को भारती संस्करण 'आइवीन' टेलिभिजन च्यानलका करन थापरलाई दिएको अन्तर्वार्तामा प्रचण्डले भनेका थिए-'माओवादी पार्टीले चुनावमा बहुमत ल्याएपछि पाँच वर्षकालागि एक पटक राष्ट्रपति हुने इच्छा छ । तर,सँधैकालागि राष्ट्रपति बन्ने इच्छा भने छैन ।'

**'छबिलाल' को छवि**

६ वर्षअघिसम्म माओवादी विरोधी समूहले प्रचण्डको अस्तित्वमा नै शंका गर्थे । धेरैलाई प्रचण्ड भन्ने नामको 'मनुवा' नै यो धर्तीमा छैन भन्ने थियो । राजावादीहरु 'पदमरत्न तुलाधर वा बाबुराम भटराईलाई नै प्रचण्ड हो' भन्थे । उता, कांग्रेसी बृत्तमा राजा ज्ञानेन्द्र नै प्रचण्ड हुन् भन्ने थियो । पहिलो संकटकालमा जफत भएको प्रचण्डको फोटो सार्वजनिक भएपछि र सात दलका नेताहरुले प्रचण्डलाई नै भेटेर कुराकानी गरी उनको परख गरेपछि बल्ल यी दुई परस्पर विरोधी खेमामा 'नेपाली धर्तिमा प्रचण्ड भन्ने मान्छे रहेछ' भन्ने विश्वास पलायो ।

२०६३ असार २ गते प्रम निवास बालुवाटारमा वार्ताकालागि आएकाबेला अनायस बालुवाटारमै पत्रकार सम्मेलन आयोजना गरी सार्वजनिक भएयता प्रचण्ड प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालापछि नेपाली

राजनीतिका सबैभन्दा प्रभावी नेताको रुपमा छाउने नेताको रुपमा गनिएका छन् । टेलिभिजन र प्रेस अन्तर्वार्ताक्रममा जब १० वर्षे जनयुद्धमा १३ हजार मारिएको र माडी एम्बुस घटनामा माओवादीको तर्फबाट ३८ जना घाइते भएको प्रसङ्ग उठ्छ, प्रचण्ड आफै सम्बेदनशील बनेर रुने गरेका छन् । उनलाई नेपाली जनमानसले एउटा सम्बेदनशील नेताको रुपमा स्वीकार गर्न थालेको छ ।



५० वर्ष नाघिसकेका उनी युवा पंक्तिबाटपनि रुचाइएका नेता हुन् । नेपाली धर्तिमा सबैभन्दा बढि राष्ट्रवादको नारा उरालेपनि उनी दौरा-सुरुवालको साटो सर्ट पाइन्टमा देखिने गरेका छन् । यसले उनको 'मोडरेट' छवि प्रदर्शन गरेको छ । युवाहरुले कपाल मिलाउन लगाउने 'जेल' लगाएर सार्वजनिक कार्यक्रममा जानु प्रचण्डको रुचिको विषय हो । बालुवाटारमा पहिलो पटक झुल्किंदा प्रचण्डलेसमेत कपालमा 'जेल' लगाएको देखिएपछि काठमाडौंको बजारमा 'जेल' को बिक्री ह्वात्तै बढेको चर्चा चलेको थियो । युवा पंक्तिका रुचिका कपडा र कस्मेटिक सामाग्रीहरु नै प्रचण्डले प्रयोग गर्दा युवाहरुको दिल जित्न सफल देखिन्छन् प्रचण्ड । कतिसम्म भने, गत असारमा एउटा अन्तर्वार्तामा नायिक श्रृजना बस्नेतले भनेकी थिइन्- 'मलाई प्रचण्डको व्यक्तित्व मन पर्छ, उनी यो देशको प्रधानमन्त्री र राष्ट्रपति भएको देख्न चाहन्छु ।'

युवा पुस्ताका लोकप्रिय यी नेता यतिबेला प्रौढ पुस्ताको मन जित्नपनि योजनाबद्ध रुपले लागेका छन् । नेपालको प्रौढ पुस्ता धर्म-संस्कृतिमा अलिक बढि सम्बेदनशील देखिन्छ । १० वर्षे जनयुद्धमा माओवादीको छवि नकरात्मक बन्नुको कारण धर्मसंस्कृतिमाथिको उनीहरुको आक्रमण थियो । यसलाई सुधार्ने प्रयत्न प्रचण्ड गर्दैछन् । माघको पहिलो हप्ता आफ्ना एकमात्र छोरा प्रकाशको विहे उनले नयाँ पाराले गरे । पोखरामा प्रकाशको विहे विशुद्ध जनवादी पाराले मात्रै गरिएन । बरु, त्यहाँ नेपाली धर्मसंस्कृतिपनि मिसाइयो । प्रचण्ड आफैंले 'कास्कीका कामरेड' हरुलाई पञ्चेबाजापनि मगाउन लगाए । र, 'बेहुलाको बाबु' बनेर उनी पञ्चेबाजाको तालमा नाचे ।

नेपाली परिवेशमा सर्वप्रिय नेता हुन चाहिने गुण हुन्- आकर्षक बक्तृत्वकला, तर्कशक्ति, आकर्षक अनुहार, अरुको कुरा सुन्नसक्ने बानी, लचकदार हुनसक्ने क्षमता । करिव दुई वर्षअघि सार्वजनिक भएयता अरु नेताका तुलनामा यी गुण सबैभन्दा बढि प्रचण्डमा देखिएको छ । पुष ३० गते खुल्ला मञ्चमा भएको सभामा सबैभन्दा धेरै ताली पाउने बक्ता उनै भए । संविधान सभा अहिले माओवादीमात्र होइन, देशकै एजेण्डा बनेको उनैका कारणले हो । अनि उनको अनुहारमा छुट्टै आकर्षण देखिन्छ, उनको जुंगाको काठमाडौंको थुप्रै अधवैंशे

महिलाहरु तारिख गर्छन् । उनी बालुवाटारमा पहिलोचोटि सार्वजनिक हुँदा उनको जुँगाको जुन स्टाइल थियो, काठमाडौं शहरका थुप्रै अधवैंशे विवाहिताहरुले उनको तारिफ गरेर त्यो हप्ता बिताएका थिए ।

जहाँसम्म उनको लचक स्वभावको कुरा हो, राजनीतिशास्त्री डा. लोकराज बराल भन्छन्- 'उनले सम्झौता गरेर नेपाली राजनीतिलाई अग्रगमनको जुन दिशामा डोऱ्याएका छन्, यसले उनको लचक स्वभावलाई देखाएको छ । झगडामात्रै गरेर गएको भए माओवादीकालागि थुप्रै ठाउँ थिए । तर प्रचण्डले त्यसो गरेनन् । यसको सट्टा प्रचण्डले आफ्नो ३० हजार फौजलाई 'क्यान्टोनमेन्ट' मा राखेर नेपाली राजनीतिलाई यहाँसम्म ल्याइपुऱ्याए । यसमा प्रम कोइराला लगायत अरुकोपनि भूमिका त होला । तर सबैभन्दा ठूलो भूमिका त उनको लचक हुनसक्ने बानीले खेलेको छ ।'

प्रचण्डका अवगुणपनि छन् । उनी विचार नगरी बोल्ने नेपाली नेताको रुपमा गनिएका छन् । पहिलो चोटि खुल्लामञ्चमा सार्वजनिक सम्बोधन गर्दा उनले सम्पूर्ण सेनालाई बलात्कारी भने । यसले उनलाई उनकै जीवनमा सबैभन्दा धेरै आलोचित बनायो । पछि उनले यो भनाई फिर्ता लिए । अन्तरिम व्यवस्थापिकामा माओवादीको तर्फबाट मनोनित स्वतन्त्र विधायक हरि रोका भन्छन्- 'बोल्ने कुरामा प्रचण्डले प्रम कोइरालाबाट सिक्न जरुरी छ । कोइराला हत्पत्ति बोलिहाल्दैनन् । तर, प्रचण्ड बोल्ने कुरामा ध्यान पुऱ्याउन्नन् । विवादास्पद कुरामा बोलिहाल्ने होइन, 'रिजर्व' बस्न सक्नुपर्छ ।'

**प्रचण्ड- लोकप्रियताको कसीमा**

यसरी केही कमी कमजोरीका बाबजुद प्रचण्डले पार्टीभित्रमात्र होइन, पार्टीबाहिरका बुद्धिजीवीहरुकोपनि समर्थन पाउन सफलता प्राप्त गरेका छन् । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको साठी वर्ष भन्दा लामो संघर्षमय राजनीतिक जीवन र बयोबृद्ध अवस्थाका कारणपनि उनी लोकप्रियताको शिखरमा रहनु स्वभाविक हो । तर, त्यसपछिको स्थान २ वर्षअघिसम्म जंगलमा बसी आफ्नो नेतृत्वका करिव २० हजार 'लाल सेना' हरुको परिचालनद्धारा नेपाली समाजको रुपान्तरणमा निर्णायक भूमिका निर्वाह गरेका यी माओवादी नेताले पाएका छन् ।

अघिल्लो (२०६३) भदौमा 'बोस' नामक एक पत्रिकाले नेपाली राजनेताहरुमध्ये को कति लोकप्रिय छ भन्ने विषयमा मत सर्वेक्षण गरेको थियो । त्यो सर्वेक्षणमा प्रचण्ड सबैभन्दा अघि देखिएका थिए । त्यसपछिको स्थान प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको थियो । र, एमालेका महासचिव माधव नेपाल तेश्रो स्थानमा थिए । त्यस लगत्तै अन्नपूर्ण पोष्ट दैनिकलेपनि २०६३ मंसीरमा नेपाली नेताहरुप्रति जनताको कति विश्वास रहेछ भन्ने बुझ्न मत सर्वेक्षण गरेको थियो । मंसीर २३ देखि पुष २८ सम्म देशका ५७ जिल्लाका ९ हजार ६ सय २९ जना सहभागीबीच गरिएको सर्वेक्षणमा प्रम कोइरालाप्रति ४७ प्रतिसतले विश्वास जाहेर गरेका थिए भने प्रचण्डप्रति ४१ प्रतिसतले । क्रमशः माओवादीका डा. बाबुराम भटराईले ३७ प्रतिसत, एमालेका माधव नेपालले ३६ प्रतिसत, कांग्रेसका शेरबहादुर देउवाले २२ प्रतिसतमात्र मत पाएका थिए । यसैगरी प्रधानमन्त्रीका रुपमा कोइरालालाई ४० र प्रचण्डलाई ३७ प्रतिसतले देख्न चाहेका थिए ।

यो सर्वेक्षणले के देखाउँछ भने, लोकप्रियताको दृष्टिले कोइरालापछिका निर्विकल्प नेता हुन्- प्रचण्ड । कोइराला 'डाँडामाथिको जुन' भैसकेका छन् । लोकप्रियताको कसीले कोइरालापछि उनको स्थान प्रचण्डले लिनसक्ने स्थिति देखिएको छ । लोकप्रियताको कसीमा राखेर हेर्दा, उनको सबैभन्दा सवल पक्ष के देखिएको छ भने, उनी युवाहरुद्धारा सर्वाधिक रुचाइएका नेताहरुको पंक्तिमा परेका छन् । अवको राजनीतिमा युवाहरु नै निर्णायक हुन् । सो मत सर्वेक्षणमा १८-२९ उमेर समूहका युवामध्ये ४८ प्रतिसत युवाले प्रम कोइरालाको पक्षमा विश्वास जाहेर गरेका थिए भने प्रचण्डप्रति विश्वास गर्नेहरुको संख्यापनि त्यत्तिकै अर्थात् ४८ प्रतिसत नै थियो । ४३ प्रतिसतले माओवादी नेता भटराईप्रति विश्वास दर्शाएको थियो र संगठनात्मक रुपले सबैभन्दा बलियो भैकनपनि एमाले महासचिव माधव नेपालप्रति जम्मा ३८ प्रतिसतकोमात्र विश्वास आर्जन गर्न सकेका थिए ।

माओवादीलाई सजिलो के छ भने, अरु सबै पार्टीमा नेतृत्वकालागि विवाद छ, तर माओवादीमा प्रचण्डको विकल्प देखिएका छैनन् । प्रधानमन्त्री कोइरालापछि नेतृत्वकालागि कांग्रेसमा सबैभन्दा बढि होड हुने देखिन्छ । कोइरालाको उत्तराधिकार कसले सम्हाल्ने भन्नेमा शेरबहादुर देउवा, रामचन्द्र पौडेल र सुशील कोइरालाबीच होड छ । तीनै नेता आफूलाई अर्का भन्दा कम शक्तिशाली ठान्दैनन्, दुश्मनीपनि उत्तिकै छ । पार्टी एकता भएपनि कांग्रेसका यी तीन नेता कुनैपनि सार्वजनिक कार्यक्रममा एकसाथ देखिएका छैनन् । उता, यी तीनैलाई चुनौति दिनेगरी प्रधानमन्त्री कोइरालाले आफ्नो उत्तराधिकारीको रुपमा छोरी सुजातालाई अघि सारिसकेका छन्- प्रधानमन्त्री कार्यालय हेर्नेगरी विना विभागीय मन्त्रीको रुपमा । यसले कांग्रेसमा अर्को रडाको सिर्जना गर्ने देखिएको छ ।

अर्को प्रतिस्पर्धी पार्टी नेकपा (एमाले) को स्थितिपनि उस्तै छ । महासचिव नेपालको नेतृत्वलाई केपी ओली र झलनाथ खनालले बेला-बेलामा चुनौति दिइरहेकै छन् । राजदरवार हत्याकाण्डपछि राजा ज्ञानेन्द्रलाई मोहोर चढाएकोमात्र होइन, राजाको टीका लगाएर प्रधानमन्त्री बन्न राजदरवारमा बिन्तीपत्र हालेको जस्ता प्रसङ्गले उनको नेतृत्वलाई विवादित बनाएकोपनि छ । माओवादीको बढ्दो प्रभाव रोक्ननसक्नुमा महासचिव नेपालकै नेतृत्वलाई दोष दिनेहरुको कमी छैन एमालेमा । निर्णायक अवसरहरुमा स्पष्ट दृष्टिकोण दिन नसकेको आरोपपनि लगाउने गरिएको छ उनीमाथि ।

माओवादीमापनि विवाद यदाकदा नदेखिने होइन । तर, ती सबै विवादको टुङ्गो प्रचण्डले प्रायस पार्टीभित्रै लगाएका छन् । त्यसैले, माओवादीभित्र उतिसाऱ्हो विवाद भएको देखिन्न । अहिलेसम्म उनले पार्टी पंक्तिलाई आफ्नो पकडमा राखेको देखिएको छ । 'अरु सबै पार्टीमा विवादै विवाद देखिएका बेला अहिलेसम्म माओवादी एकढिक्का भएर अघिबढ्न सक्नुले प्रचण्डको अर्को क्षमता प्रदर्शन गरेका छन्' राजनीतिशास्त्री प्रा. बराल भन्छन्- 'यो हो- प्रचण्डको नेतृत्व गर्नसक्ने गुण ।'

पार्टी र वाइसीएलका कतिपय ज्यादतिपूर्ण कृयाकलापका कारण माओवादी पार्टी बेलाबेलामा आलोचित र बदनामपनि हुने गरेको छ । तर, यसका विपरित प्रचण्ड भने लोकप्रिय हुँदै गएका छन् । उनले आफ्नो पार्टीपंक्तिबाट हुने गरेका ज्यादति, गल्ती-कमजोरी स्वीकार गर्ने गरेकापनि छन् । यद्यपी, तल्ला तहका कार्यकर्ताले गल्ती गर्ने र नेतृत्वको तर्फबाट प्रचण्डले माफी माग्ने क्रम धेरैचोटि दोहोरिएको छ । तैपनि आफैंबाट भएका गल्ती कमजोरी सार्वजनिक रुपले स्वीकार गरी माफी माग्ने एकमात्र नेता हुन्- प्रचण्ड । गल्ती अरु पार्टी, तिनका नेताहरुबाट पनि नभएको होइन । तर, उनीहरुले कहिल्यैपनि आफ्नो गल्ती स्वीकार गरी नेपाली जनतासँग माफी माग्ने काम गरेनन् ।

अहिल्यैदेखि प्रचण्डलाई राष्ट्रपतिको रुपमा अघि सार्दा उनको लोकप्रियताका कारण त्यसको असर देशभरिबाट उठ्ने पार्टीका उम्मेदारमा पर्ने जित्न सजिलो पर्ने माओवादी विश्लेषण रहेको बुझिन्छ । संविधान सभाको चुनावमा माओवादीले अग्रता हासिल गरेमा त्यसको असर त्यसपछि हुने राष्ट्रपतिको चुनावमापनि पर्ने स्वतः प्रष्ट छ । एकैचोटि संविधान सभाको र राष्ट्रपतिको उम्मेदवारको प्रचार गर्नपनि सजिलो हुने माओवादीले बुझेको छ । यो सबै स्थितिलाई विचार गर्दै माओवादीले संविधान सभा चुनावकै सन्दर्भमा अध्यक्ष प्रचण्डलाई राष्ट्रपतिको रुपमा पेश गरेको देखिन्छ ।

January 26, 2008, Kathmandu

सिताराम बराल जन आस्था साप्ताहिकका सह-सम्पादक हुन्।